BRITISH COUNCIL

# विमेन अफ द वर्ल्ड, कला, नेपाल

# वाउ हप्ता

## सिर्जनात्मक कमिसन

www.britishcouncil.org

# बारमबार सोधिने प्रश्नहरू (FAQ )

## सिर्जनात्मक कमिसन अनुदान भनेको के हो?

वाउ स्ट्रान्ड्सका* लागि गतिविधिहरू तयार पार्ने र यस कागजातमा उल्लेख गरिएका उदेश्यहरू पूर्ति गर्ने मिल्दो प्रस्तावहरूलाई हामी आर्थिक र आर्थिक-नभई-अन्य सहयोग (in-kind assistance) प्रदान गर्दैछौँ । प्रस्तावित गतिविधिको कुल लागत बेहोर्ने उदेश्यले आर्थिक ग्रान्ट रु.१५,००० (GBP १००) देखि सुरू भएर रु. ३,००,००० (GBP १५००) सम्मको हुनेछ ।

ब्रान्डिंग, सान्दर्भिक दर्शक सम्म पहुँचका लागि प्रचार अभियानको कार्यान्वयन र पुरा गरिएका गतिविधिको प्रभावको मुल्यांकनमा सिमित नरही आर्थिक-नभई-अन्य सहयोग दिइनेछ ।

*वाउ स्ट्रान्ड्स विश्वभरिकै वाउ फेस्टिभलका लागि साझा हुने फेस्टिभलको मूल-कार्यक्रम हो । वाउ स्ट्रान्ड्स अन्तर्गत वाउ थिङ्क-इन (WOW Think In) जस्ता फेस्टिभल-पुर्वका गतिविधि र टक्स, बाइट्स, स्पीड मेन्टरिङ्ग जस्तै अन्य अनिवार्य वाउ कार्यक्रमहरू पर्दछन् । वाउ स्ट्रान्ड्सका बारे अझै जान्न गत वर्षहरूका वाउ कार्यक्रम-नक्शाहरू यहाँ हेर्न सक्नु हुन्छ ।

वाउ हप्ता सन् २०२१को मार्च १ देखि ७ संचालन हुने डिजिटल उत्सव हो । ब्रिटिश काउन्सिलद्वारा सन् २०१७ देखि नेपालमा संचालन भइरहेको वाउ फेस्टिभलहरूका उदेश्य अनुसार नै वाउ हप्ताले - छलफल, कार्यशाला, कला सम्बन्धित कार्यक्रमहरू र अवसरहरू मार्फत - नेपाली समाजमा प्रासंगिक हुने लैंगिक मुद्दाहरूमा चेतना जगाउने र महिला र किशोरीहरूको - पुरुष र किशोरहरूको साथसाथै - क्षमता वृद्धि गर्ने, उनीहरूका लैंगिक समानता सम्बन्धित विचार र धारणाहरू प्रस्तुत गर्ने माध्यम प्रदान गर्नेछ र दीर्घकालिन सम्बन्धहरूलाई बढावा दिने ठाउँ सिर्जना गर्नेछ ।

## अनुदानको लागि को योग्य छन् ?

हामी त्यस्ता व्यक्ति र/वा संस्थाको खोजीमा छौँ, जसले वाउले जस्तै समावेशीकरण र विविधताका मूल्यमान्यता बोकी समाजमा अवधारणा र व्यवहारमा परिवर्तन ल्याउन सिर्जनात्मक अभिव्यक्तिको शक्तिलाई प्रयोग गर्ने मौलिक सामग्री वा गतिविधि सिर्जना गर्न चाहन्छन् । इच्छुक आवेदकहरूले तल दिइएका वाउ हप्ताका उदेश्यहरू हेरी अनुदानका प्राथमिकता संग आफ्नो प्रतिवध्दता रहेको पुष्टि गर्न सक्छन् । नेपालमै आधारित व्यक्ति/संस्थाहरू आवेदन दिन योग्य छन् ।

## अनुदानका उदेश्य के हुन् ?

अनुदानले वाउ हप्ताका लागि मौलिक गतिविधि विकास र पुरा गर्न सहायता प्रदान गर्नेछ । वाउ हप्ताका लक्ष्यहरू निम्न छन् :

- महिला/किशोरीहरूका कथाहरू मार्फत उनीहरूका चुनौतीहरू बारे चेतना जगाउने
- सांस्कृतिक र रचनात्मक माध्यमबाट लैंगिकतामा केन्द्रित विकास उदेश्यहरू पुरा गर्न सहभागीहरूलाई आवश्यक सीप, क्षमता र संजालहरू प्रदान गर्ने

-	लैंगिक समानताको मुद्दामा काम गरिरहेका व्यक्तिहरू र संस्थाहरू बीच नयाँ सम्बन्धहरू सिर्जना गर्ने वा विद्यमान सम्बन्धहरू बलियो पार्ने

-	महिला/किशोरीहरूले सार्वजनिक जीवनमा सहभागी भइ सामाजमा निर्णायक भूमिका निभाउन सक्ने र लाभ उठाउन सक्ने गरि उनीहरूको आवाज र एजेन्सीलाई समर्थन गर्ने

### अनुदान कति प्रकारका र कति वटा छन् ?

विभिन्न अनुदानहरू उपलब्ध छन् :

-	कार्यशाला अनुदान : पुर्वनिर्धारित श्रोताका लागि क्षमता वृद्धि कार्यशाला संचालन गर्न रु. १५,००० देखि रु. ३०,००० सम्मको अनुदान रकम । बहु अनुदान उपलब्ध ।

-	कला प्रदर्शन अनुदान : प्रदर्शन/गतिविधि तयार पर्न र संचालन गर्न रु ५०,००० देखि रु. १,५०,००० सम्मको अनुदान रकम । बहु अनुदान उपलब्ध ।

-	मधेश अनुदान : मधेशका महिला/किशोरीहरू संग सिर्जनात्मक इन्टरभेन्सन वा सिर्जनात्मक सामाग्री तयार पर्न रु.१,५०,००० अनुदान रकमको २ अनुदान ।

-	LGBTIQ+ अनुदान : लैंगिक र यौनिक अल्पसंख्यक संग सिर्जनात्मक इन्टरभेन्सन वा सिर्जनात्मक सामाग्री तयार पर्न रु.७५,००० अनुदान रकमको २ अनुदान ।

### के आर्थिक-नभई-अन्य (in-kind) सहयोग पनि समावेश गरिनेछ ?

अनुदान रकम बाहेक विज्ञापन, मुल्यांकन, ब्राण्डिंग र अन्य सहायता प्रदान गर्न सकिनेछ । अनुदान पाउने व्यक्तिहरू/संस्थाहरू घोषणा भए पछि हरेक व्यक्ति/संस्था संग यस बारे छुट्टै लिखित रूपमा सहमति गरिनेछ ।

### के अन्य स्रोतबाट आउन सक्ने म्याच योगदानले मेरो अनुदान पाउने सम्भावना बढाउँछ ?

आवेदक वा अन्य स्रोतबाट आउने म्याच योगदान मुल्यांकनको मापदण्डमा पर्दैन तर यस्ता प्रतिवद्धताहरूले कामको स्तर र पहुँच बढाउने सम्भावना प्यानलको अन्तिम निर्णयमा विचार गरिनेछ ।

## के वाउ हप्ता मा केही प्राथमिक विषयवस्तु छन् ?

वाउ हप्ता मा प्राथमिक विषयवस्तु छन् । हामी यस्ता गतिविधिमा रुचि राख्दैछौँ, जसले जलवायु परिवर्तन र लिङ्गका बीचका सम्बन्ध; महामारीको महिलाहरू/किशोरीहरूमा असर; युवाहरू संग जोडिन आउने नयाँ डिजिटल र संस्कृतिक अभिव्यक्तिहरूलाई आफ्नो विषयवस्तु बनाएका छन् । अगाडी उल्लेख गरिए अनुसार मधेश क्षेत्रमा संचालन गरिने गतिविधि र लैंगिक र यौनिक अल्पसंख्यक समुदाय संग काम गर्न विशेष अनुदानहरू प्रदान गरिनेछन् ।

## के अनुदानका कुनै शर्तहरू छलफल वा संसोधनका लागि खुल्ला नहुनेछन् ?

सबै आवेदन प्रस्तावहरूले निम्न लिखित शर्तहरूको लेखा-जोखा राख्नु पर्नेछ :

१. सबै प्रस्तावित गतिविधि सन् २०२१को मार्चको १ देखि ७ भित्र पुरा गरिनु पर्नेछ ।

२. अनुदान प्रापकले वाउको बौद्धिक सम्पतिको अधिकार पाउनेछैन तसर्थ अनुदान प्रापकले ब्रिटिश काउन्सिल संगको सहमतिमा पहुँच र विज्ञापनका गतिविधि सहितको संचार योजना तयार पारि सो अनुरुप प्रबन्ध गर्नेछ ।

३. नेपाल सरकारले स्थापित गरेको कोभिड-१९को सुरक्षा दिशानिर्देश अनुसार गतिविधिको तयारी र कार्यान्वयन गरिनेछ । एकदम असाधारण अवस्थामा मात्र मुल्यांकन प्यानलले सामाजिक दुरी कायम गर्ने व्यवस्था सहितको भौतिक रूपमा संगै आउने कार्यक्रममा विचार गर्नेछ ।

४. प्रस्तावित बजेटले १०% भन्दा बढीको ओवरहेड वा व्यवस्थापन खर्च समावेश गर्नेछैन ।

५. ब्रिटिश काउन्सिलका अनुदान कर कटौतीका लागि योग्य हुदैनन् तर VAT रेजिस्टर्द आवेदकले आफ्नो बजेट VAT समावेशी भएको सुनिश्चित गर्नुहोस् ।

६. अनुदान प्रापकले ब्रिटिश काउन्सिल संग औपचारिक कन्ट्राक गर्नु पर्नेछ र अनुदान प्राप्त गर्न विक्रेता सिर्जना प्रक्रिया (vendor creation process) पुरा गर्नु पर्नेछ । कन्ट्राकले प्रस्तावित नियम र शर्तहरू लगायत प्रोजेक्ट अनुदानका विवरणको अभिलेख राख्नेछन् ।

७. अनुदान प्रापकले ब्रिटिश काउन्सिलद्वारा नियुक्त गरिएको मुल्यांकनकर्ता संग सहकार्य गरि प्रतिक्रिया लिने साधन र संयन्त्रलाई लागु गरि आफ्ना क्रियाकलापको प्रभावको अभिलेख राख्नेछन् र क्रियाकलापको सारांश रिपोर्ट संगै त्यसको अडियो-भिडियो अभिलेख पनि बुझाउनेछन् ।

८. अनुदान प्रापक सन् २०२१को मार्च १८ सम्म प्रस्तावित गतिविधिको कार्य समिक्षामा सहभागी हुनेछन् ।

९. पहुँचका लागि सांकेतिक भाषा, क्याप्सन, सबटाइटलका खर्च पनि समावेश गर्नुहोस् । प्राय सांकेतिक भाषा दोभाषेका लागि घण्टाको दर रु. १,५०० हुनेगर्छ ।

## कार्यक्रमको समय तालिका कस्तो हुनेछ ?

| गतिविधि | जनावरी | फेब्रुवरी | मार्च |
|---|---|---|---|
| प्रोजेकको विकास | ■ | ■ | |
| प्रमोसन/विज्ञापन | | ■ | |
| कार्यान्वयन | | | ■ |
| कार्य समिक्षा र रिपोर्ट | | | ■ |

## कसरी आवेदन भर्ने ?

वाउ स्ट्राण्ड वा अनुदानको प्रकार अनुसार तल विभिन्न डिजिटल फारमहरू दिइएका छन् । हरेक फारममा आवेदकको विवरण, प्रस्तावित गतिविधि, लागत, अपेक्षित परिणाम र अन्य विवरण भर्ने खण्डहरू छन् ।

**वाउ हप्ता सिर्जनात्मक कमिसनको आवेदन फारम (नेपाली र अंग्रेजी)**

## आवेदनको मुल्यांकन कसले कसरी गर्नेछ ?

आवेदनको मुल्यांकन वाउ फाउनडेसन र ब्रिटिश काउनसिलका प्रतिनिधिहरूको प्यानलद्वारा रोलिङ्ग आधारमा (नयाँ आवेदन, नयाँ जानकारी आए अनुसार स्वीकृत/अस्वीकृत/प्रतीक्षासूचीमा पर्ने निर्णयहरू लिने गरि) गरिनेछ । मुल्यांकन आधार निम्न हुनेछन् :

- कार्यक्रमको उदेश्य संगको मेल
- सामग्रीको सिर्जनात्मकता
- स्केल / विषय-क्षेत्र (स्कोप)

## आवेदन प्रापक कहिले घोषणा हुनेछ ?

सन् २०२० डिसेम्बरको २८ तारिक सम्म अन्तिम घोषणा गर्ने गरि आवेदन प्रापक रोलिङ्ग आधारमा (नयाँ आवेदन, नयाँ जानकारी आए अनुसार स्वीकृत/अस्वीकृत/प्रतीक्षासूचीको निर्णयहरू लिने गरि) घोषणा गरिनेछ । सफल आवेदकहरूलाई आवेदन फारममा  विवरण मार्फत

## मैले कसरी अनुदान प्राप्त गर्न सक्छु ?

यदि तपाईको आवेदन स्वीकृत भएमा हामी त्यस पछिको प्रक्रिया बारे जानकारी सहित सम्पर्क गर्नेछौँ । वाउ कमिसन अनुदान प्राप्त गर्न सम्बन्धित प्रस्तावको विवरण उल्लेख गरिएको औपचारिक सम्झौता वा कन्ट्राक गर्नु पर्नेछ । यस अन्तर्गत कार्यान्वयन पुरा गर्न दिइएको आर्थिक सहायताको लेखा राख्न मिल्ने प्रोजेक्ट योगदान पनि पर्नेछ ।

## के अनुदानबाट कर कटौती हुनेछ ?

ब्रिटिश काउन्सिलको अनुदानहरूमा कर छुट हुन्छ तर VAT रेजिस्टर गरिएका आवेदकहरूले पेश गरिएको समग्र बजेटमा १३% VAT समावेश गर्नु पर्नेछ ।

## वाउ फेस्टिभलहरू बारे अझै बुझ्न कता हेर्दा हुन्छ ?

वाउ फाउन्डेसन र वाउ - विमेन अफ द वर्ल्डका कार्यक्रम र फेस्टिवलका बारे जान्न :
www.thewowfoundation.com

नेपालमा संचालन भएका विगतका वाउका बारे विवरण र रिपोर्ट यहाँ हेर्न सकिन्छ :
www.britishcouncil.org.np/wowfestival

सिर्जनात्मक कमिसन अनुदानको आवेदन भर्न यहाँ क्लिक गर्नुहोस् ।